# प्रेस विज्ञप्ति

मिति २०८१ चैत २५

नेपालको पर्यटकीय राजधानी पोखरा, जहाँ प्रकृति, संस्कृति र साहसिकता एकैसाथ अनुभव गर्न सकिन्छ । यही सुन्दर शहरको मुटु, लेकसाइडको स्ट्रिट नं. १७ मा अवस्थित Temple Bell Boutique Hotel & Spa को शुभारम्भका लागि आयोजित पत्रकार सम्मेलनमा उपस्थित सम्पूर्ण पत्रकार एवम् सञ्चारकर्मी ज्युहरूलाई नमस्कार !

पोखराको अद्वितीय सौन्दर्य र नेपाली आतिथ्य परम्परालाई सम्मान गर्दै, सन् २००८ देखि पर्यटन व्यवसायमा "Chilly Group" को लगानीमा स्थापना भएको यस होटलले "बुटिक" अवधारणामा आधारित रहेर स्थानीय मौलिकता र अन्तर्राष्ट्रिय स्तरको सुविधा प्रदान गर्ने उद्देश्यसहित संचालनमा आउन लागेको जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ।

टेम्पल बेल अर्थात मन्दिरको घण्टी—पवित्र अध्यात्म र सकारात्मक ऊर्जाको प्रतीक हो । यसले आगन्तुक पाहुनालाई शारीरिक विश्राम मात्र होइन, आत्मिक सन्तुष्टि दिनका लागि पनि प्रतिबद्धता जनाउँछ । नेपाली काष्ठकला, ढुंगा र हस्तकलाको कलात्मक समावेश, हरियालीयुक्त वातावरण र व्यक्तिगत अनुभव प्रदान गर्ने संरचनाले टेम्पल बेललाई पोखराका बुटिक होटलहरूबीच विशिष्ट बनाउने हाम्रो विश्वास छ ।

सन् २०२१ डिसेम्बरमा सुरु भएको होटल निर्माण कार्य कोभिड महामारीका चुनौतीबीच सम्पन्न गरिएको हो ।  प्रारम्भमा तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिए पनि प्राविधिक तथा कोभिडको कारणले गर्दा निर्माण साढे तीन वर्षमा सम्पन्न भएको हो । करिब साढे दुई रोपनी क्षेत्रफलमा फैलिएको होटलको कुल लागत (जग्गासहित) करिब १ अर्ब २५ करोड रुपैयाँ रहेको छ । र यस भवनको स्ट्रक्चरल डिजाइन ID Consulting Engineers Pvt. Ltd. ले, इन्टेरियर डिजाइन Archi-Tech Pvt Ltd ले गर्नु भएको हो भने होटलको वित्तीय साझेदारको रुपमा Global IME Bank Limited र Financial Consultant को रुपमा  L. Adhikari & Associates रहनु भएको छ ।

होटलमा अगाडि र पछाडि गरी दुईवटा इन्टरकनेक्टेड ब्लकहरू छन् ।  कुल ५५ सुसज्जित कोठा छन् । ४७ डिलक्स बुटिक, ५ सुपर डिलक्स, २ जूनियर स्वीट र १ प्रेसिडेन्सियल स्वीट रुम छन् ।  होटलमा रिसेप्सन, आकर्षक लबी, दुईवटा ज्याकुजीसहितको स्वीमिङ पूल, 'बुद्ध सदन' नामक सम्मेलन हल, महिला–पुरुषका लागि स्टीम, साउना, थेरापी रुम सहितको अत्याधुनिक स्पा, Yak & Yeti नामक स्वीमिङ पूलसंगैको बार, आंटी  नामक आलाकार्ट रेस्टुरेन्ट, आपतकालीन द्वार, बेसमेन्ट पार्किङ र दुईवटा आधुनिक लिफ्टको सुविधा उपलब्ध छ ।

भवनको संरचना स्थानीय ढुंगा, नेपाली काष्ठकला, ढाका, थान्का, झुमर, नेपाली पेन्टिङ आदि सामग्री प्रयोग गरी निर्माण गरिएको छ । कोठा, करिडोर र खुल्ला क्षेत्रहरू हरियाली प्रवद्र्धन हुने गरी वातावरणमैत्री ढंगले सजाइएको छ र यसलाई

आउने दिनहरुमा अझै विस्तार गरी गण्डकी क्षेत्रको प्राकृतिक सौन्दर्यता, संस्कृतिक बिबिधता झल्किने गरि थप सजावट गरिने छ जसले गर्दा जो कोहि आगन्तुकलाइ पनि थप बुटिकको अनुभूति दिने छ ।

होटलमा करिब ६० जना दक्ष कर्मचारी कार्यरत छन्, जसमा केही स्वदेश तथा विदेशमा अनुभव प्राप्त गरेका छन् । अन्य कर्मचारीलाई पनि अतिथि सत्कार, व्यवस्थापन, खाना पकाउने कला, र ग्राहक सेवा सम्बन्धी थप तालिमहरू प्रदान गरिएको छ । होटल भूकम्प प्रतिरोधी संरचना र आधुनिक अग्नि नियन्त्रण प्रणाली सहित निर्माण गरिएको छ ।

हाल होटलको “सफ्ट ओपनिङ“ गरिसकेको छ । नयाँ वर्ष २०८२ लाई लक्षित गर्दै स्वदेशी तथा बिदेशी पाहुनाको लागि विशेष छुट र आकर्षक अफरहरू उपलब्ध गराइएका छन् । जसमा स्वदेशी पाहुनालाइ Single र Double रुममा छूट सहित क्रमश: रु ७,५०० /- र ८,५००/- मा उपलब्ध गराइएको छ र बिदेशी पाहुना लाइ Single र Double रुममा छूट सहित क्रमश: रु १२,०००/- र /- र रु १४,०००/- मा उपलब्ध गराइएको छ । साथै स्विट रुममा छुट सहित स्वदेशी पाहुनालाइ रु ३५,०००/- र बिदेशी पाहुनालाइ रु ४८,०००/- मा उपलब्ध गराइएको छ । साथै उल्लेखित छुटका अलावा प्याकेजमा फ्री एक्स्कुलुसिभ ब्रेकफास्ट, स्टीम, साउना र एयरपोर्ट पिक अप र ड्रप को सुबिधा समेत राखिएको छ स्पा सर्भिसमा ३० पतिशतको छुटको समेत व्यवस्था गरिएको छ । ग्राहकको सुझावका आधारमा सेवा सुधार गर्दै वैशाख महिनाभित्र ग्रान्ड ओपनिङको योजना रहेको छ ।

Temple Bell Boutique Hotel & Spa पोखरा घुम्न आउने मिडिल तथा हाइ–एन्ड सेग्मेन्टका पर्यटकहरूका लागि उत्कृष्ट गन्तव्य बन्ने लक्ष्यका साथ स्थापना गरिएको हो ।

पोखरा अहिले अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यको रूपमा तीव्र गतिमा उदीयमान छ । साहसिक खेलकुद, शान्त वातावरण, धार्मिक तथा सांस्कृतिक विविधताले पोखरालाई आर्कषक गन्तब्य बनाएको छ । यस्तो सन्दर्भमा टेम्पल बेलले नेपाली आतिथ्य, सांस्कृतिक विशेषता सहित र विश्वस्तरीय सुविधा प्रदान गर्ने विश्वास लिएको छ ।

आदरणीय पत्रकार एवं सञ्चारकर्मी साथिहरू,पोखराको पर्यटन प्रवद्र्धनमा तपाईंहरूको सदैव रहँदै आएको योगदान वास्तवमै अतुलनीय छ । हाम्रो यात्रालाई यहाँसम्म ल्याउन प्रेरणा दिने, साथ र समर्थन गर्ने सम्पूर्ण शुभेच्छुक, सञ्चारकर्मी, व्यवसायिक साझेदार तथा स्थानीय समुदायप्रति चिल्लि ग्रुप र टेम्पलबेल परिवारको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

हामी विश्वास गर्छौं सकारात्मक सोच, साझा प्रयास र पारदर्शी सहकार्यले मात्र दिगो र समृद्ध पर्यटन सम्भव छ । त्यसैले, आगामी दिनहरूमा तपाईंहरूको निरन्तर साथ, रचनात्मक सुझावको अपेक्षा गर्दै, आजको यो कार्यक्रममा तपाईंहरूको गरिमामय उपस्थिति माया सदभाव र सहयोगप्रति पुनः धन्यवाद ज्ञापन गर्दछु ।

भिष्मराज पौडेल

म्यानेजिङ डाइरेक्टर

टेम्पल बेल बुटिक होटल एण्ड स्पा, पोखरा